नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

**औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको**

# अध्यक्षका लागि गठित छनौट तथा सिफारिस समितिको दरखास्त आव्हान सम्बन्धी सूचना

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाण्डौं

प्रकाशित मिति: २०८०/०४/२५

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडमा रिक्त अध्यक्ष पदमा खुल्ला प्रतिस्पर्धात्मक प्रतियोगिताद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहायको योग्यता भएका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सरकारी उद्योग तथा संस्थान शाखा, सिंहदरवार, काठमाडौंमा आवेदन दिन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. <u>योग्यता तथा अनुभव:</u>

क) नेपालको नागरिक भएको ।

ख) मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा स्नातक उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको कार्य अनुभव भएको ।

ग) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारी नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७८ को दफा ४ बमोजिम अयोग्य नरहेको ।

घ) दरखास्त दिने अन्तिम मितिसम्म पैंतीस वर्ष पूरा भई पैंसठ्ठी वर्ष उमेर ननाघेको ।

२. <u>निवेदकले दरखास्तसाथ पेश गर्नुपर्ने कागजातहरु:</u>

दरखास्तसाथ उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको वेवसाइट www.moics.gov.np मा प्रकाशित "उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध सार्वजनिक निकायमा पदाधिकारी नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७८" को अनुसूची २ बमोजिमको ढाँचामा दुई प्रति पासपोर्ट साइजको फोटो, शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, मन्त्रालयको वेवसाइटमा रहेको नमूना बमोजिमको स्व:घोषणा फाराम व्यक्तिगत विवरण र अनुभव सम्बन्धमा सम्बन्धित निकायको प्रमाणित कागजातका प्रतिलिपिहरुलाई उम्मेदवार स्वयंले प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

३. <u>अन्तरवार्ता:</u>

छनौट सूचीमा परेका उम्मेदवारहरुले तोकिएको मितिमा अन्तरवार्ताको लागि उपस्थित हुनुपर्नेछ ।

४. <u>दस्तुर:</u>

दरखास्त दस्तुर वापत उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यालय कोड नं. ३०७००३५०१ राजश्व खाता नं. ००१००१०६२००००० तथा राजश्व शीर्षक १४२२४ मा जम्मा हुने गरी एभरेष्ट बैंक लि. सिंहदरवार शाखामा रु. ३,०००/- (अक्षरेपी तीन हजार मात्र) बुझाएको सक्कलै भौचर पेश गर्नुपर्नेछ ।

५. <u>पारिश्रमिक/सुविधाः</u>

सम्बन्धित निकायको नियमानुसार ।

६. <u>अन्य विवरणः</u>

क) यो सूचना बमोजिम रितपूर्वक प्राप्त नभएका दरखास्तहरु छनौट तथा सिफारिस समितिले अस्वीकृत गर्न सक्नेछ।

ख) सरकारी निकाय वा संस्थानमा सेवारत आवेदकको हकमा दरखास्त साथ कार्यरत निकायबाट स्वीकृति प्रदान गरिएको सक्कलै पत्र पेश गर्नुपर्नेछ ।

ग) आवेदकले झुठ्ठा विवरण वा कागजात पेश गरेको पाइएमा जुनसुकै बखत आवेदन रद्द हुनुका साथै प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

घ) यस सम्बन्धी थप जानकारीका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको वेवसाइट www.moics.gov.np वा मन्त्रालयको सरकारी उद्योग तथा संस्थान शाखा वा फोन नं. ०१-४२११९६७ मा सम्पर्क गर्न सकिनेछ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको अध्यक्ष पदको उम्मेदवारले आवेदन फारामसाथ पेश गर्नु पर्ने

## स्व:घोषणा फाराम

| सि.नं. | विषय |
|---|---|
| १. | राजनैतिक दलको सदस्य नभएको, |
| २. | भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचबिखन, लागू औषधको कारोबार, पुरातात्विक वस्तु वा संरक्षीत बन्यजन्तु सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अभियोग लागेको वा सजाय नपाएको, |
| ३. | आफ्नो नाममा व्यक्तिगत सरकारी बेरुजु बाँकी नरहेको, |
| ४. | प्रचलित कानून बमोजिम कालोसूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको तीन बर्ष अवधि पूरा भएको, |
| ५. | टाट नपल्टेको, वेइमानी वा जालसाजीको आरोपमा सजाय नपाएको तथा दामासाहीमा नपरेको, |
| ६. | औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडसँग कुनै चल अचल सम्पत्ति सम्वन्धी कारोबारमा आफै वा आफ्ना परिवारका कुनै सदस्यको संलग्नता नभएको र यस संस्थासँग कुनै पनि निजी स्वार्थ नभएको । |
| ७. | विदेशी मुलुकको स्थायी आवासीय अनुमति नलिएको तथा अन्य कुनै प्रचलित नेपाल कानून बमोजिम अयोग्य नरहेको। |

यसमा लेखिएको ब्यहोरा ठीक साँचो हो झुट्टा ठहरेमा कानून बमोजिम सहन बुझाउन तयार छु ।

उम्मेदवारको नाम थर:

दस्तखत:

मिति: